# नेपाल राष्ट्र बैंक
# केन्द्रीय कार्यालय
# विदेशी विनिमय व्यवस्थापन विभाग

*इ.प्रा. परिपत्र संख्याः-* ४१६ | *मिति :-* २०६३/१२/११

इजाजतपत्रप्राप्त "क" र राष्ट्रियस्तरका "ख" वर्गका बैंक तथा वित्तीय संस्थाहरू ।

विषयः- परिवर्त्य विदेशी मुद्रा आर्जन भएका निकायले तालीम, गोष्ठी, बैठक आदि भ्रमणमा जाँदा पाउने सटही सुविधा बारे ।

महाशय,

निर्यात तथा पर्यटन क्षेत्रवाट परिवर्त्य विदेशी मुद्रा आर्जन गरी खाता खोलिरहेका निकायहरू एवं खाता खोल्न ग्राह्य भएका तर नखोलेका निकायका पदाधिकारीहरू आफ्नो कार्यालयको कामको सिलसिलामा भारत वाहेक अन्य मुलुकहरूको भ्रमणमा जाँदा विदेशी विनिमय सटही सुविधा निम्नानुसार प्रदान हुने व्यवस्था रहेको हुँदा सोही वमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. निर्यात तथा पर्यटन क्षेत्रको आर्जनबाट परिवर्त्य विदेशी मुद्रा खाता भएका निकायहरूलाई आफ्नो व्यापार प्रवर्द्धनको सिलसिलमा कुनै पदाधिकारीलाई विदेश भ्रमण (भारत वाहेक) मा पठाउनु परेमा संलग्न अनुसूची-१ मा तोकिए वमोजिम सम्बन्धित निकायको विदेशी मुद्रा खाता खर्च हुने गरी सटही सुविधा उपलव्ध गराउने ।

   यसरी भ्रमण खर्चको भुक्तानी प्रदान गर्दा सम्वन्धित निकायको खातामा सो भ्रमणका लागि आवश्यक हुने मौज्दात रकम हुनु पर्नेछ । तर आवश्यक मौज्दात रकम नभएको खण्डमा अनुसूची-२ बमोजिमको सटही सुविधा मात्र उपलव्ध गराउनुपर्नेछ ।

२. निर्यात तथा पर्यटन क्षेत्रबाट परिवर्त्य विदेशी मुद्रा आर्जन भएका तर खाता नभएका निकायहरूलाई आफ्नो व्यापार प्रवर्द्धनको सिलसिलमा कुनै पदाधिकारीलाई विदेश भ्रमण (भारत वाहेक) मा पठाउनु परेमा संलग्न अनुसूची-२ मा तोकिए वमोजिम सटही सुविधा उपलव्ध गराउने ।

   माथि उल्लेख गरे अनुसारको सटही सुविधा माग गर्दा आ-आफ्नो विदेशी मुद्रा आर्जन जम्मा गरिआएका बैंक/वित्तीय संस्थाका शाखाहरू मार्फत नै माग गर्नुपर्नेछ ।

३. माथि जेसुकै लेखिएको भए तापनि सम्वन्धित निकायले चालू आर्थिक वर्ष वा अघिल्लो आर्थिक वर्षमा आर्जन गरेको विदेशी मुद्रा रकमभन्दा वढीको सटही सुविधा प्रदान गर्न मिल्ने छैन ।

४. तर कुनै आर्थिक वर्षको पहिलो ६ महिना भित्र विदेशी मुद्रा आर्जन भै नसकेको तर विदेश भ्रमणमा जानु पर्ने अवस्था पर्न आएमा अघिल्लो आर्थिक वर्षमा पाउन सक्ने सटही सुविधाको अधिकतम सीमा पुरै प्रयोग नगरिसकेको अवस्था रहेछ भने त्यस्तो बाँकी सुविधा चालु आ.व.को

पहिलो अर्धवार्षिक अवधि सम्मका लागि पनि प्रयोग गर्न सकिनेछ । तर यसरी प्रयोग गरिएको सुविधा उक्त चालु आ.व.मा आर्जन भएको विदेशी मुद्रा अन्तर्गतको सुविधामा हिसाव मिलान गर्नुपर्नेछ र प्रतिवर्ष तोकिएको अधिकतम् सटही सुविधा सीमा नाघेको हुनु हुंदैन ।

५. यस परिपत्र वमोजिम त्यस बैंक/वित्तीय संस्थाले भ्रमणकर्तालाई परिवर्त्य विदेशी मुद्रा उपलब्ध गराउँदा अनुसूची-३ बमोजिमको फाराम भराई लिनुपर्नेछ । साथै, उक्त फारामको तल्लो भागमा त्यस बैंक/वित्तीय संस्थाले उपलब्ध गराएको सटही सुविधाको Endorse गराई सोको अभिलेख राख्नुपर्नेछ ।

६. उपर्युक्त बमोजिम परिवर्त्य विदेशी मुद्रा उपलब्ध गराउँदा सम्वन्धित भ्रमणकर्ताको कन्फर्मड हवाई टीकट र बैध राहदानी हेरी हवाई टिकटमा उपलव्ध गराएको रकम दरपीठ गरी अधिकृतको दस्तखत तथा बैंक/वित्तीय संस्थाको छाप लगाई दिनुपर्नेछ ।

भवदीय,

(रामजी रेग्मी)
का.मु.कार्यकारी निर्देशक

(इ.प्रा.परिपत्र संख्या- ४१६ प्रयोजनको लागि)

## अनुसूची-१

दफा-१ वमोजिम विदेश भ्रमण (भारत बोहक) गर्दा उपलव्ध गराउनु पर्ने सटही सुविधाको तालिका

(अमेरिकी डलरमा)

| आर्जन | अधिकतम भ्रमण खर्च एक आर्थिक वर्षमा | दैनिक होटल तथा खाना खर्च | मनोरन्जन, भै-परी तथा अतिथि सत्कार खर्च |
|---|---|---|---|
| ० - ३ लाख | ९० दिन | ४५०.०० | १,०००.०० |
| ३ - ७ लाख | ९० दिन | ५५०.०० | १,५००.०० |
| ७ लाखभन्दा माथि | ९० दिन | ६५०.०० | २,०००.०० |

## अनुसूची-२

दफा-२ वमोजिम विदेश भ्रमण (भारत बोहक) गर्दा उपलव्ध गराउनु पर्ने सटही सुविधाको तालिका

(अमेरिकी डलरमा)

| आर्जन | दैनिक होटल तथा खाना खर्च | मनोरन्जन खर्च | अधिकतम भ्रमण दिन एक आर्थिक वर्ष |
|---|---|---|---|
| ० - ३ लाख | ३००.०० | ४००.०० | ४५ दिन |
| ३ - ५ लाख | ३५०.०० | ५००.०० | ५५ दिन |
| ५ - ७ लाख | ४००.०० | ६००.०० | ६५ दिन |
| ७ - १० लाख | ४५०.०० | ७००.०० | ७५ दिन |
| १० लाखभन्दा माथि | ५००.०० | ८००.०० | ८५ दिन |

(इ.प्रा.परिपत्र संख्या- ४१६ प्रयोजनको लागि)

## अनुसूची-३

**दफा-५ बमोजिम भारत बाहेकका मुलुकहरूमा भ्रमण गर्दा सटही सुविधा प्रयोजनका लागि भर्नु पर्ने फाराम**

श्री ..................................
........................................
.......................................... ।

१. निवेदकको नाम .................................................
२. पद .................................
३. फर्म/कम्पनी/कार्यालयको नाम
४. भ्रमण गर्ने मुलुक .................................................
५. भ्रमण गर्ने अवधि मिति ...................... देखि .................... सम्म जम्मा दिन .........
७. आवश्यक पर्ने विदेशी मुद्रा
   (क) दैनिक होटल तथा खाना खर्च
   (ख) मनोरन्जन तथा भैपरि आउने
८. निवेदकको विदेशी मुद्रा खातावाट खर्च हुने भए सोको खाता नम्वर ..........................
९. यसभन्दा अघि भ्रमणमा गएको भए लिएको विदेशी मुद्रा ....................... र भ्रमण अवधि मिति ....................... देखि ...................... सम्म
१०. यस आर्थिक वर्षमा पटक पटक गरी हालसम्म आर्जन गरेको विदेशी मुद्रा रकम ..............
    सो मध्ये खातामा जम्मा भएको विदेशी मुद्रा रकम .....................
११. संलग्न कागजातहरू :-
   (क) ...........................
   (ख) ...........................
   (ग) ...........................

निवेदकको दस्तखत
मिति ...................................

---

उपरोक्त निवेदन वमोजिम दैनिक होटल तथा खाना खर्च .................................. र मनोरन्जन तथा भैपरि आउने खर्च .................................... गरी जम्मा ...................................... नियमानुसार उपलव्ध गराईएको छ ।

अधिकृतको दस्तखत
मिति ......................
छाप .......................